परिचय

- शाहि समुदाय नेपालको नेवाः सभ्यताको एक महत्त्वपूर्ण अङ्ग हो, जुन मुख्यतया काठमाडौँ उपत्यकामा केन्द्रित छ।

- यस समुदायले शाही, खड्गी, सिंह, सिङ्, प्रकाश आदि थर अपनाएका छन्।

व्युत्पत्ति

- शाहि समुदायले आफ्नो राज्य 'तिरहूत' मा मुस्लिम आक्रमणकारीहरूले आक्रमण गरेपछि शरण माग्न काठमाडौँ उपत्यका आएका राजा हरिसिंहदेवका योद्धाहरूका रूपमा काठमाडौँ प्रवेश गरेका थिए।
- राजा हरिसिंहदेव तत्कालीन नेपाल राज्यका राजा रुद्र मल्लका साढुभाइ थिए।
- राजा हरिसिंहदेवका छोराले राजा रुद्र मल्लकी एक मात्र उत्तराधिकारी रहेकी छोरीसँग विवाह गरे र नेपालका राजा बने।
- शाहि समुदायले आफूलाई राजा हरिसिंहदेवका शाहि-परिवारका वंशज मान्दछन् र "शाही" थर अपनाएका छन्, जसको अर्थ राजवंशीय भन्ने बुझिन्छ।

उत्पत्ति

- शाहि समुदाय महिषपाल वंशका वंशज पनि हुन्।
- 'गोपालराज वंशावली' अनुसार नेपालमा शासन गर्ने दोस्रो राजवंश महिषपाल वंश हुन्।
- महिषपाल वंशले गोपाल वंशपछि र किराँत वंशअघि नेपालमा शासन गरेका थियो। संस्कृत भाषामा 'महिषपाल' को अर्थ भैँसी पाल्ने सामुदाय भन्ने बुझिन्छ।
- महिषपालहरूले दक्षिण भारतबाट नेपालमा भैँसी पाल्ने परम्परा ल्याएका थिए, जहाँको तातो र ओसिलो जलवायु भैँसी पालनका लागि उपयुक्त मानिन्छ।

उत्पत्ति

- पछि मल्लकालमा राजा हरिसिंहदेवसँगै उनका योद्धाहरूका रूपमा शाहि समुदाय नेपाल प्रवेश गरे।
- हरिसिंहदेवले आफ्ना कुलदेवता "तलेजू भवानी" लाई आफूसँगै ल्याएका थिए, जसलाई उनीहरूले तत्कालीन नेपाल राज्यको राजधानी भक्तपुरस्थित तलेजू भवानी मन्दिरमा स्थापना गरे।
- कर्नाट राजा हरिसिंहदेवका पूर्वजहरूले तलेजू भवानीलाई कर्नाटकबाट सिम्रौनगढ (तिरहुत्को राज्धानि) ल्याएका थिए।

उत्पत्ति

- राजा हरिसिंहदेवका छोराले राजा रुद्र मल्लकी एक मात्र उत्तराधिकारी रहेकी छोरीसँग विवाह गरे र नेपालका राजा बने।
- मल्ल राजाहरूद्वारा नेपाल राज्यलाई काठमाडौँ, भक्तपुर र ललितपुर गरी तीन फरक राज्यमा विभाजन गरेपछि तीनै राज्यमा तलेजू भवानीका मन्दिरहरू स्थापना गरिए।
- मल्ल राजा र पछि शाह राजाहरूले पनि उनलाई आफ्ना कुलदेवताका रूपमा पूजा गरे।

उत्पत्ति

- शाहि समुदायले हाल सम्म पनि तलेजू भवानीलाई आफ्ना कुलदेवताका रूपमा पूजा गर्दछन्।
- शाहि समुदायले आफूलाई राजा हरिसिंहदेवका शाहि-परिवारका वंशज मान्दछन् र "शाही" थर अपनाएका छन्, जसको अर्थ राजवंशीय भन्ने बुझिन्छ।
- यस समुदायले नेपालका महिषपाल र कर्नाट राजाका नामबाट "सिंह" र “सिङ्” थर पनि अपनाएका छन्।
- शाहि समुदायकै तत्कालीन प्रसिद्ध गायक रत्नदास प्रकाशले जस्तै केहीले "प्रकाश" थर पनि अपनाएका छन्।

उत्पत्ति

- यस समुदायले “खड्गी” थर पनि अपनाएका छन्। 'खड्गी' को अर्थ खड्गधारी वा तरवार चलाउने योद्धा भन्ने बुझिनछ।
- उनीहरू आफ्नो राज्य 'तिरहूत' मा मुस्लिम आक्रमणकारीहरूले आक्रमण गरेपछि शरण माग्न काठमाडौँ उपत्यका आएका राजा हरिसिंहदेवका योद्धाहरूका रूपमा काठमाडौँ प्रवेश गरेका थिए।